# आर्थिक वर्ष २०७०/७१ को मौद्रिक नीतिको अर्ध-वार्षिक समीक्षा

## (सारांश)

*पृष्ठभूमि*

१. आर्थिक वर्ष २०७०/७१ को मौद्रिक नीतिको २०७० पुस मसान्तसम्मको कार्यान्वयन स्थिति, विद्यमान चुनौतीहरु एवम् भावी कार्यदिशालाई समेटी यो अर्ध-वार्षिक समीक्षा प्रस्तुत गरिएको छ । मौद्रिक नीति कार्यान्वयनमा आएपछिको ६ महिनाको अवधिमा आर्थिक क्रियाकलापहरु सन्तोषप्रद रहेका छन् । शोधनान्तर बचत उच्च रहनुका साथै बैंकिङ्ग क्षेत्रमा उच्च तरलताको स्थिति कायम रहेकोले अल्पकालीन ब्याजदरहरु घट्दै गएको अवस्था छ । आर्थिक वर्षको शुरुका केही महिनाहरुमा अमेरिकी डलर लगायतका परिवर्त्य मुद्रासँग नेपाली रुपैयाँ कमजोर भएतापनि पछिल्लो समयमा विनिमयदरमा स्थिरता कायम हुँदै गएको छ । यस अवधिमा मूल्यमा भने आशातीत सुधार हुन सकेको छैन भने वस्तु व्यापार असन्तुलन बढ्दै गएको छ ।

*आन्तरिक आर्थिक स्थिति*

२. बाली लगाउने समयमा पर्याप्त वर्षा भएको कारण चालू आर्थिक वर्षमा कृषि क्षेत्रको अवस्था राम्रो रहने देखिन्छ । संविधानसभाको निर्वाचन सम्पन्न भएसँगै मुलुकले छिटै संवैधानिक एवम् राजनीतिक निकास पाउने तथा नयाँ सरकार निर्माणसँगै पूँजीगत खर्चमा वृद्धि भई विकास निर्माण कार्यले गति लिदै जाने अनुमानका आधारमा चालू आर्थिक वर्षमा उद्योग तथा सेवा क्षेत्रको क्रियाकलापमा केही सुधार हुन गई ५.५ प्रतिशतको लक्षित आर्थिक वृद्धिदर हासिल हुने देखिन्छ ।

३. चालू आर्थिक वर्षको छैठौं महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति दर ९.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति दर ९.८ प्रतिशत रहेको थियो । यसमध्ये खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क १२.९ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ६.९ प्रतिशतले वृद्धि भएको छ ।

४. चालू आर्थिक वर्षको ६ महिनासम्ममा सरकारको कुल खर्च (नगद प्रवाहमा आधारित) २५.४ प्रतिशतले वृद्धि भई २०७० पुस मसान्तसम्ममा रु. १३४ अर्ब ४२ करोड पुगेको छ भने कुल साधन परिचालन २९.० प्रतिशतले वृद्धि भई रु. १९० अर्ब ५२ करोड पुगेको छ ।

५. समीक्षा अवधिमा नेपाल सरकारको नगद प्रवाहमा आधारित बजेट रु. ५६ अर्ब १० करोडले बचतमा रहेको छ । स्रोत परिचालनको तुलनामा सरकारी खर्चको वृद्धिदर न्यून रहेकोले चालू आर्थिक वर्षको पुस मसान्तमा नेपाल राष्ट्र बैंकमा नेपाल सरकारको रु. ७७ अर्ब ६४ करोड नगद मौज्दात रहेको छ ।

६. चालू आर्थिक वर्षको ६ महिनासम्ममा रु. ७७ अर्ब १९ करोड शोधनान्तर बचत भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त बचत रु. ७ अर्ब ७७ करोड रहेको थियो । खासगरी सेवा आय उल्लेख्य रुपमा बढ्नुका साथै विप्रेषण आप्रवाहको वृद्धिदर उच्च रहेकोले चालू खाता बचतमा रही समीक्षा अवधिमा शोधनान्तर बचत उच्च रहेको हो ।

७. समीक्षा अवधिमा वस्तु निर्यात १५.० प्रतिशतले बढेको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा ९.३ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा अवधिमा वस्तु आयात २३.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा वस्तु आयात २५.२ प्रतिशतले बढेको थियो ।

८. समीक्षा अवधिमा विप्रेषण आप्रवाह ३४.४ प्रतिशतले वृद्धि भई रु.२६५ अर्ब ६२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आप्रवाह २१.८ प्रतिशतले वृद्धि भएको थियो ।

९. समीक्षा अवधिमा विदेशी विनिमय सञ्चिति १७.१ प्रतिशतले वृद्धि भई २०७० पुस मसान्तमा रु. ६२४ अर्ब ६० करोड पुगेको छ । उक्त सञ्चिति ११.४ महिनाको वस्तु आयात र १०.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

१०. चालू आर्थिक वर्षको ६ महिनासम्ममा विस्तृत मुद्राप्रदाय ९.० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ४.८ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा अवधिमा संकुचित मुद्राप्रदाय ८.९ प्रतिशतले बढेको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा ०.५ प्रतिशतले घटेको थियो ।

११. मौद्रिक क्षेत्रको नेपाल सरकारमाथिको खुद दाबी अघिल्लो वर्षको ६ महिनामा रु. ४२ अर्ब ३६ करोड (२६.० प्रतिशत) ले घटेको तुलनामा समीक्षा अवधिमा रु. ७३ अर्ब ९६ करोड (४४.१ प्रतिशत) ले घटेको छ । सरकारको साधन परिचालनको तुलनामा खर्च कम भई यस बैंकमा उल्लेख्य नगद मौज्दात रहेकोले समीक्षा अवधिमा बैंकिङ्ग क्षेत्रको सरकारमाथिको दाबीमा ह्रास आएको हो ।

१२. समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा ८.९ प्रतिशत (रु. ८६ अर्ब ६४ करोड) ले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १२.३ प्रतिशतले बढेको थियो ।

१३. आर्थिक वर्ष २०७०/७१ को ६ महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप रकम ८.० प्रतिशत (रु. ९५ अर्ब ४१ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप रकम ५.३ प्रतिशत (रु. ५४ अर्ब १३ करोड) ले बढेको थियो ।

१४. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी ७.३ प्रतिशत (रु. ८३ अर्ब ६६ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी ११.२ प्रतिशत (रु. १०८ अर्ब १७ करोड) ले बढेको थियो ।

१५. आर्थिक वर्ष २०७०/७१ को ६ महिनासम्ममा पटक-पटक गरी ७ देखि १४ दिनसम्मको रिभर्स रिपोमार्फत् रु. ११८ अर्ब ५० करोड र सोझै बिक्री बोल-कबोलमार्फत् रु. ८ अर्ब ५० करोड गरी कुल रु. १२७ अर्ब बराबरको तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. ८ अर्ब ५० करोड बराबरको तरलता प्रशोचन भएको थियो ।

१६. आर्थिक वर्ष २०७०/७१ को ६ महिनासम्ममा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब ६९ करोड खुद खरिद गरी रु. १६८ अर्ब ९३ करोड तरलता प्रवाह गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब १९ करोड खरिद गरी रु. १०३ अर्ब ३४ करोड तरलता प्रवाह भएको थियो ।

१७. २०७० पुसमा कर्जाको भारित औसत ब्याजदर ११.५३ प्रतिशत र निक्षेपको भारित औसत ब्याजदर ४.६८ प्रतिशत रही ब्याजदर अन्तर ६.८५ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकहरुको औसत आधार दर २०७० पुस महिनामा ८.७५ प्रतिशत रहेको छ ।

## वित्तीय र वाह्य क्षेत्र कार्यक्रमहरुको कार्यान्वयन स्थिति

### *वित्तीय क्षेत्र सुधार, नियमन तथा सुपरिवेक्षण*

१८. नेपालको वित्तीय क्षेत्रको समग्र विश्लेषण तथा मूल्याङ्कन गरी वित्तीय स्थायित्व र आर्थिक विकासमा वित्तीय क्षेत्रको भूमिका सशक्त तुल्याउन नीतिगत र रणनीतिगत रुपमा सहयोग पुऱ्याउने उद्देश्यले वित्तीय क्षेत्र मूल्याङ्कन कार्यक्रम (FSAP) अघि बढाइएको छ ।

१९. "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली, २०६८" कार्यान्वयनमा आई गाभ्ने वा गाभिने क्रम वृद्धि भएसँगै "एउटा बैङ्क तथा वित्तीय संस्थाले अरु बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) गर्ने सम्बन्धी विनियमावली, २०७०" तयार भई पारित हुने क्रममा रहेको छ ।

२०. नेपाल बैंक लि.को पूँजी वृद्धि गर्ने योजना अन्तर्गत हकप्रद शेयर जारी गरी चुक्ता पूँजी रु. ३ अर्ब ९७ करोड पुगेको छ । राष्ट्रिय वाणिज्य बैंकको पूँजी योजनामा उल्लिखित कार्यहरुमध्ये नेपाल सरकारको तर्फबाट नगदै थप गर्नुपर्ने रकम बैंकले प्राप्त गरिसकेको छ । हाल बैंकको चुक्ता पूँजी रु. ८ अर्ब ५८ करोड ८९ लाख ७२ हजार पुगेको छ ।

२१. यस बैंकबाट प्रदान गरिने पुनरकर्जा दरमा कटौती गरिनुका साथै प्रक्रियागत सरलीकरण गरिएकोले पुनरकर्जा सुविधाको उपयोग उल्लेख्य रुपमा बढेको छ । आर्थिक वर्ष २०७०/७१ को पुस मसान्तसम्ममा बैंकहरुलाई रु. ३ अर्ब ४१ करोड पुनरकर्जा सुविधा उपलब्ध गराइएको छ ।

२२. समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाहरुको समाधान (Resolution) का निम्ति यस बैंकबाट Problem Bank Resolution Framework तयार गरिएको र यसै अनुरुप छुट्टै Problem Institution Resolution Division स्थापना गरी कार्य अघि बढाइएको छ ।

२३. "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा निक्षेपबीचको औसत ब्याजदर अन्तरलाई चालू आर्थिक वर्षको अन्त्यसम्ममा ५ प्रतिशतको सीमामा ल्याउन निर्देशन जारी गरिएको छ ।

२४. वित्तीय प्रणालीमा चुनौतीको रुपमा रहँदै आएको बहु-बैंकिङ कारोबार (Multiple Banking) लाई निरुत्साहित गर्न यस बैंकबाट निर्देशन जारी भई निरन्तर रुपमा अनुगमनको कार्य भइरहेको छ ।

### *लघुवित्त तथा वित्तीय पहुँच*

२५. लघुवित्तीय सेवाको पहुँच कम रहेका यस बैंकले तोकेका २२ जिल्लामा "घ" वर्गका वित्तीय संस्थाले शाखा खोलेमा शाखा संचालनका लागि यस बैंकबाट रु. २० लाखसम्म शून्य ब्याजदरमा सापटी उपलब्ध गराइने व्यवस्था यसै आर्थिक वर्षबाट गरे अनुरुप चालू आर्थिक वर्षको ६ महिनासम्ममा २ वटा शाखा खोले वापत यस्तो सापटी उपलब्ध गराइएको छ ।

२६. बैंक तथा वित्तीय संस्थाबाट विगत दुई वर्षदेखि विपन्न वर्ग कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यलाई सामूहिक जमानीमा प्रदान गरिने कर्जाको सीमा रु. १ लाखबाट बढाई रु. १ लाख ५० हजार र धितो लिई प्रदान गरिने लघुउद्यम कर्जाको सीमा रु. ३ लाखबाट वृद्धि गरी रु. ४ लाख पुऱ्याइएको छ ।

२७. बैंक तथा वित्तीय संस्थाहरुबाट सम्बन्धित परियोजना धितोमा प्रवाह हुने गरी रु. ५ लाखसम्मको परियोजना कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्नका लागि यस बैंकबाट सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुलाई निर्देशन जारी गरी यस्तो कर्जा सुरक्षण गराउने व्यवस्था समेत गरिएको छ ।

२८. साना तथा मझौला व्यवसायहरुलाई प्रोत्साहित गर्नका लागि बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित रु. १० लाखसम्मको परियोजना कर्जाका लागि यस बैंकबाट ५ प्रतिशतमा पुनरकर्जा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

२९. वित्तीय साक्षरता सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने क्रममा "विद्यार्थीसँग नेपाल राष्ट्र बैंक" र "Nepal Rastra Bank: Then, Now and Ahead" पुस्तिकाहरु प्रकाशनको तयारी पूरा भएको छ भने "विद्यार्थीसँग नेपाल राष्ट्र बैंक" कार्यक्रम सञ्चालनका लागि अवधारणापत्र तयार गरी कार्यान्वयन अघि बढाईएको छ । त्यसैगरी, नेपाल राष्ट्र बैंकको इतिहास, वर्तमान र भविष्यको सन्दर्भ समेटिएको वृत्तचित्र तयारीको अन्तिम चरणमा रहेको छ ।

### *विदेशी विनिमय व्यवस्थापन*

३०. सार्वजनिक खरिद ऐन लागू हुने संघ/संस्था/प्रतिष्ठान आदिले Global Tender मार्फत् खरिद गर्ने वस्तु वा सेवाहरुका सन्दर्भमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी आयात गर्ने वस्तुहरुको हकमा भाडा तथा बीमा वापतको रकम परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न पाउने व्यवस्था गरिएको छ ।

३१. विप्रेषक संस्थाहरुले विप्रेषण वापत संकलन गरेको रकम विप्रेषण पठाउनेको परिवारले सहज रुपमा भुक्तानी पाउन सक्ने व्यवस्था मिलाउन इजाजतपत्र प्राप्त "क" वर्गका वाणिज्य बैंकहरुसँग सम्झौता गरी सो बैंकको प्रतिनिधिको रुपमा Prepaid Remittance Card जारी गर्न सक्ने व्यवस्था गरिएको छ ।

३२. वैदेशिक रोजगार फर्म/कम्पनी/संस्थाहरुले आफूले वैदेशिक रोजगारीमा पठाएको कामदारको संख्याको आधारमा आवश्यक खर्चको लागि आफ्नो विदेशी मुद्रा खाताबाट वर्षमा बढीमा अमेरिकी डलर १०,००० सम्म सटही सुविधा दिने व्यवस्था गरिएको छ । वर्षमा १०० जनाभन्दा बढी कामदार पठाउने वैदेशिक रोजगार कम्पनीहरुको हकमा भने यस्तो सुविधा बढीमा अमेरिकी डलर २०,००० सम्म उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

३३. वैदेशिक रोजगारीका लागि खुला गरिएका थप मुलुकका मुद्राको सटही सुविधा प्रदान गर्ने सिलसिलामा कुवेती र बहराइनी दिनारलाई समेत सटही (खरिद) गरिने मुद्रामा समावेश गरिएको छ ।

३४. यस बैंकबाट इजाजत प्राप्त मनिचेन्जरहरुले आफुले सटही गरी प्राप्त गरेको भारतीय रुपैयाँ नेपाल राष्ट्र बैंकमा जम्मा गर्न ल्याएमा प्रति भारतीय रुपैयाँ १०० मा १५ पैसाका दरले बट्टा प्रदान गर्ने व्यवस्था गरिएको छ ।

### *आर्थिक तथा मौद्रिक परिदृश्य*

३५. चालू आर्थिक वर्षमा ५.५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने देखिन्छ । मुद्रास्फीति दर भने वार्षिक औसत ८.० प्रतिशतको लक्ष्यभन्दा केही उच्च अर्थात् ८.५ प्रतिशतको हाराहारीमा रहने संशोधित अनुमान छ । आर्थिक वर्षको अन्त्यमा कायम हुने विदेशी विनिमय सञ्चितिले ९.७ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने देखिन्छ ।

३६. मौद्रिक नीति कार्यान्वयनमा आएपछिको ६ महिनाको अवधिमा उच्च शोधनान्तर बचतका कारण सुदृढ हुँदै गएको वाह्य क्षेत्र सन्तुलन लगायत आन्तरिक आर्थिक परिसूचक एवम् आगामी परिदृश्यको आधारमा चालू आर्थिक वर्षको अन्त्यसम्ममा मुद्राप्रदाय १८.० प्रतिशतले, कुल आन्तरिक कर्जा १४.६ प्रतिशतले तथा निजी क्षेत्रतर्फको कर्जा प्रवाह १७.० प्रतिशतले वृद्धि हुने संशोधित अनुमान रहेको छ ।

***मौद्रिक नीतिको कार्यदिशा तथा व्यवस्थापन***

३७. मौद्रिक नीतिको प्रयासका बावजूद वाह्य तथा आन्तरिक आर्थिक लगायत संरचनागत पक्षहरुको कारणले मुद्रास्फीतिलाई अपेक्षित स्तरमा कायम राख्ने कार्य चुनौतीपूर्ण बन्न गएको सन्दर्भमा मौद्रिक विस्तारलाई वाञ्छित सीमामा राखी माग पक्षबाट मुद्रास्फीतिमा थप चाप पर्न नदिनेतर्फ मौद्रिक नीतिको जोड रहने छ ।

३८. मूल्य, वाह्य तथा वित्तीय क्षेत्र स्थायित्वमा प्रतिकूल असर नपर्ने गरी उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह विस्तारका माध्यमबाट उच्च आर्थिक वृद्धिदर हासिल गर्न सहयोग पुऱ्याउने अभिप्रायले चालू आर्थिक वर्षको बाँकी अवधिमा मौद्रिक नीतिको सजग कार्यदिशा अवलम्बन गरिने छ ।

३९. पछिल्लो समयमा मुलुकको राजनैतिक अवस्थामा आएको सुधारको संकेतसँगै आर्थिक वर्षको उत्तरार्द्धमा सरकारी खर्च बढ्ने देखिएकोले यसबाट मौद्रिक योगाङ्कहरुको विस्तारमा पर्न सक्ने चापलाई ध्यानमा राखी खुला बजार कारोबारलाई सक्रिय बनाउँदै मौद्रिक योगाङ्कहरुलाई वाञ्छित स्तरमा राखिने छ ।

४०. शेयरको धितोमा प्रवाह हुने कर्जाको परिमाण एवम् शेयर मूल्यमा आउने उतार-चढावलाई समेत दृष्टिगत गरी मार्जिन लेण्डिङ सम्बन्धी विद्यमान व्यवस्थामा आवश्यकता अनुसार पुनरावलोकन गरिने छ ।

४१. हाल बैकिङ्ग क्षेत्रमा उच्च तरलताको स्थिति कायमै रहेतापनि निजी क्षेत्रतर्फको कर्जा प्रवाह लक्षित सीमाभित्रै रहेकोले आर्थिक वृद्धिमा सहयोग पुऱ्याउन तथा कोषको लागत बढ्न नदिन बैंक तथा वित्तीय संस्थाहरुले कायम गर्नुपर्ने विद्यमान अनिवार्य नगद अनुपातलाई यथावत कायम गरिएको छ । साथै, बैंकदर, वैधानिक तरलता अनुपात तथा पुनरकर्जादरहरु समेत यथावत कायम गरिएको छ ।

४२. बैकिङ्ग क्षेत्रको तरलतामा हुने उतारचढावको दीर्घकालीन व्यवस्थापन गर्न त्यस्तै प्रकृतिको उपकरणको आवश्यकता पर्ने सन्दर्भमा दीर्घकालीन प्रकृतिको अधिक तरलता व्यवस्थापन गर्न उपयुक्त उपकरण जारी गर्ने व्यवस्था मिलाउँदै लगिने छ ।

४३. भुक्तानी तथा फछ्र्यौट व्यवस्थालाई समयसापेक्ष बनाउनका लागि Payment and Settlement System Development Strategy निकट भविष्यमै जारी गरिने छ ।

***अन्त्यमा,***

४४. आर्थिक वर्ष २०७०/७१ को मौद्रिक नीतिको ६ महिनासम्मको उपलब्धि र बाँकी अवधिको कार्यान्वयनबाट मुद्रास्फीति अपेक्षित दायरामा रहने, वाह्य क्षेत्र थप सुदृढ हुने तथा बैंकिङ्ग प्रणालीको कार्यकुशलता अभिवृद्धि भई बचत परिचालन एवम् लगानी विस्तार हुनुको साथै सुशासन तथा वित्तीय क्षेत्रको स्थायित्वमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । त्यसैगरी, कृषि र उत्पादनशील क्षेत्रतर्फको कर्जा विस्तार एवम् वित्तीय साक्षरता अभिवृद्धिका माध्यमबाट वित्तीय समावेशीकरणमा सहयोग पुग्नुका साथै यसबाट नेपाल सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्यमा समेत सहयोग पुग्ने विश्वास गरिएको छ ।

४५. प्रस्तुत मौद्रिक नीतिको अर्ध-वार्षिक समीक्षाको पूर्ण अंश यस बैंकको वेभसाइट (www.nrb.org.np) मा राखिएको छ । यसमा समावेश भएका नीतिगत व्यवस्था तथा कार्यक्रमहरुको कार्यान्वयनमा सबै सरोकारवालाहरुको सहयोग प्रति धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि सदाझैं सहयोग मिल्ने अपेक्षा यस बैंकले गरेको छ ।

**धन्यवाद !**